नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली

## (Co-operative and Poverty-related Management Information System. COPOMIS)

**सहकारी बिभाग**

# सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS)

- COPOMIS एक Web Based Software अर्थात Web Browser मार्फत चलाउने software हो ।
- यो software भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले नेपाल सरकारको पूर्ण लगानीमा आर्थिक बर्ष २०७१/७२ मा निर्माण गरेको हो ।
- भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले मिति २०७५-०३-१३ गते नेपाल सरकार (सचिव स्तरको निर्णय बमोजीम) सहकारी बिभागलाई COPOMIS हस्तान्तरण गरी कार्यान्वयनमा रहेको छ ।
- COPOMIS ले हाल सहकारी क्षेत्रका स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्मका सहकारी संघ/संस्थाको सूचना एवं तथ्याङ्क संकलन गर्ने, प्रशोधन गर्ने र प्रतिवेदन दिने काम गर्दछ । यो सहकारी विभागको उच्च प्राथमिकतामा रहेको कार्यक्रम हो ।

# copomis.gov.np






# COPOMIS **सम्बन्धी कानूनी व्यवस्थाः**

**सहकारी नियमावली,२०७५ को नियम २८ को प्रावधानः**

**(३)** पाँचकरोड रूपैयाँभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख तथा लेखा सहकारी विभागले तोके बमोजिमको विद्युतीय एप्लिकेशन सफ्टवेयरमा समेत व्यवस्थित गर्नुपर्नेछ।

**(४)** सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यवसायिक कारोवारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्नेछ ।

- नियमावलि नियम १५ बमोजिम (सहकारी संस्थाको विनियम) बनाउदा अनुसूची १३, विनियममा उल्लेख गर्नुपर्ने विषयमा ६८ नं मा एकिकृत सूचना प्रणालीमा आबद्दता समेत हुनुपर्ने व्यवस्था ।

# COPOMIS **सम्बन्धी कानूनी व्यवस्थाः**

**सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन,२०७४ को दफा २९ को प्रावधानः**

**(१)** रू. ५ करोड वा सोभन्दा बढी रकमको जायजेथा भएको संस्थाले १ बर्षभित्र र अन्यसंस्थाले ३ बर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकिकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भइसक्नुपर्नेछ।

**(२)** इन्टरनेट सेवाको पहुच नपुगेका दुर्गम जिल्लाको हकमा सेवा पुगेको अबधिले थप १ र ३ बर्षको सुविधा दिइएको ।

# COPOMIS सम्बन्धी कानूनी व्यवस्थाः

- सहकारी नियमावली, २०७५ को नियम ७२(२) बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले रु. पाँच करोड रुपैयाँ वा सोभन्दा बढी रकमको बचत दायित्व भए यो नियमावली प्रारम्भ भएको मितिले (नेपाल राजपत्रमा प्रकाशित मिति २०७६|१|२३) एक वर्ष भित्र र सो भन्दा घटी रकमको बचत दायित्व भए तीन वर्ष भित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्द भइसक्नुपर्ने व्यवस्था छ ।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०७७ (२०७७|०९|२७) निर्माण भई कार्यन्वयनमा रहेको छ । जसले प्रयोगकर्ताहरुको भूमिकालाई व्यवस्थित गरेको छ ।

- साविकमा कार्यविधि २०७३ प्रयोगमा थियो ।

# COPOMIS **सम्बन्धी जरिबानाको व्यवस्थाः**

- सहकारी ऐन २०७४ को दफा १२५ को उपदफा २(ख) “यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा”
    - ३ लाख रुपया सम्म ।

## सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सन्चालनका फाईदाहरुः

- सहकारी संघ संस्था  तथा नियमनकारी निकायहरुलाई ईन्टरनेट मार्फत सहकारी सम्बन्धी छिटो छरितो सेवा दिने र दिन सक्ने अवस्थामा पुर्याउन ।
- सहकारी क्षेत्रको र यससंग सम्बन्धित कार्यहरुको online बाट नै अनुगमन निरिक्षण लगायतका कार्य गर्न ।
- सरोकारवाला सरकारी निकायहरु बिच आवश्यक डाटा Exchange गर्न सहज बनाउन ।
- विभिन्न  प्रतिवेदन स्वचालित रुपमा COPOMIS बाट प्राप्त गर्ने र सो बाट विश्लेषण गर्न सजिलो बनाउन ।
- सहकारी संघ संस्थाले अनिवार्यरुपमा राख्नुपर्ने अभिलेख राख्न सरल र सहज बनाउन ।

## सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सन्चालनका फाईदाहरुः

- सहकारी बिभाग लगायत तिनवटै तहका नियमनकारी निकायहरुले डाटाको प्रयोग गरी Policy Level Decision गर्न सहज बनाउन ।
- भ्रष्टाचार नियन्त्रण, सम्पत्ति शुद्दीकरण नियन्त्रण अनुगमन तथा राजस्व छलिजन्य आर्थिक अपराधहरुको नियन्त्रण, अनुगमन तथा छानबिनको लागि महत्त्वपूर्ण आधार तयार गर्न ।
- COPOMIS बाट सहकारी क्षेत्रका सहकारी संघ/संस्थाको सूचना संकलन गर्न, प्रशोधन गर्न र प्रतिवेदन दिने काम गर्न ।
- सदस्यता सम्बन्धि तथ्याङ्कमा स्पष्टता तथा एकिन विवरण प्राप्त गर्न ।
- सहकारीहरुको एकिकृत तथ्यांक तयार गर्न सजिलो हुने । आदि ।

# COPOMIS कार्य प्रक्रिया



# प्रणाली प्रयोगकर्ताहरुः

- सहकारी विभाग र संघीय मन्त्रालय
- प्रदेश सरकार र प्रादेशिक कार्यालय/विभाग/मन्त्रालय
- स्थानीय सरकार
- प्रारम्भिक सहकारी संस्थाहरु
- विषयगत केन्द्रीय संघ
- विशिष्टिकृत सहकारी संघ
- राष्ट्रिय सहकारी महासंघ

# कोपोमिस कार्यान्वयनको अवस्था

# हाल विकसीत भैसकेका विशेषताहरुः

- सहकारी संस्थाहरुले आफ्ना विभिन्न प्रतिवेदनहरु (विभिन्न मासीक विवरण, सदस्यको KYM (Know Your Member) सम्बन्धी विवरण) जस्ता विवरणहरु प्रविष्टि गर्न मिल्ने बनाइएको ।
- नियमनकारी निकायहरुले प्रयोग गर्ने लगईन बाट विभिन्न स्वचालीत प्रतिवेदन हेर्न मिल्ने बनाइएको ।
- प्रणालीबाट सोझै उजुरी, गुनासो र सुझाव लिने व्यवस्था गरिएको ।
- कर्मचारीहरुलाई छुट्टा छुट्टै लगईन तयार गरी सन्चालनका लागि फिचरहरु थप घट गर्न सकिने व्यवस्था गरिएको ।

# हाल विकसीत भैसकेको बिशेषताहरुः

- प्रवर्धन कोषमा जम्मा गरेको रकमको भौचर अपलोड गर्न सकिने व्यवस्था थप गरिएको ।
- विषयगत केन्द्रीय संघहरुले समेत आफ्नो कारोबारको वित्तिय विवरणहरु प्रविष्टी गर्ने व्यवस्था गरिएको ।
- विभिन्न प्रणालीगत प्रतीवेदन (कारोबारको आधारमा सहकारी, सहकारीको समष्टीगत अवस्था [शेयर पुँजी, सदस्य संख्या) हेर्न मिल्ने व्यवस्था गरिएको ।
- रिपोर्टींङ गरे नगरेको हेर्न सकिने व्यवस्था गरिएको ।
- अनलाईन सपोर्ट का निम्ती chat को व्यवस्था रहेको छ ।

# COPOMIS **मा प्रविष्टि गर्नुपर्ने गरि तोकिएको विवरणः**

- सदस्यहरुको विवरणःKnow Your Member (KYM) फाराम अनुसार,
- मासिक वित्तिय प्रगति विवरण,
- संचालक समीतिको विवरण,
- साधारण सभा र निर्वाचन सम्बन्धि विवरण,
- उपसमितिहरुको विवरण,
- कार्यान्वयन अधिकारीको नाम, ठेगाना र सम्पर्क नम्बर,
- कार्यबिधि जारी गरे/नगरेको बिषय,
- सिमा कारोबार तथा शंकास्पद कारोबार प्रतिवेदनको संख्या,
- समष्टिगत प्रतिवेदन(कुल शेयर पुँजी, सदस्य संख्या, कुल बचत तथा ऋण लगानी)

# COPOMIS **बाट प्राप्त हुने प्रतिवेदनहरुः**

- KYM अनुसार सदस्यको विवरण,
- वार्षिक प्रगति प्रतिवेदन,
- चौमासिक प्रगति प्रतिवेदन,
- मासिक प्रगति प्रतिवेदन,
- PEARLS को विवरण,
- साधारण सभा, निर्वाचन लगायतका विवरणहरु,
- सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रतिवेदन र समष्टिगत प्रतिवेदनहरु ।

## COPOMIS **मा हाल भई रहेका कार्यहरुबाट अपेक्षित उपलब्धीः**

- प्राविधीक सुधार भई प्रणाली सरल र सहज हुनेछ ।
- सहकारीका सदस्यहरुको स्पष्ट विवरण प्राप्तीमा सहयोग पुग्नेछ ।
- सफ्टवेयरमा आइपर्ने नियमीत समस्याहरु समाधान हुनेछ ।
- सहकारीमा प्रयोगमा आउने सफ्टवेयरहरुको एकरुपताको लागि निर्धारकहरु तय हुनेछ ।
- प्रणाली प्रयोगकर्तालाई नियमीत सपोर्ट हुनेछ ।
- लेखा प्रणालीको ढाँचा (Reporting) मा एकरुपता आउनेछ ।
- प्रणालीगत अनुगमन गर्न सहयोग पुग्नेछ ।

# चुनौतीहरुः

- प्रणालीमा संघसंस्थाहरुको आबद्दता बृद्दि गर्ने । निरन्तर अद्धाबधिको प्रवन्ध मिलाउने ।
- संघ, प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गत रहेका कतिपय संघसस्थाहरुहरु पूर्ण रुपमा प्रविधि मैत्री छैनन तिनको क्षमता विकास गर्ने ।
- सवै नियामक निकायहरुमा प्रविधिमैत्री जनशक्तिको व्यवस्था तथा कार्यरत मानव संसाधनको क्षमता विकास गर्ने ।

# चुनौतीहरुः

- आवद्‌धता नभएको आधारमा संघसंस्थाहरुलाई कारवाही गर्दा धेरै संघसस्थाहरु कारवाहीमा पर्न सक्ने अवस्था देखिएको छ । यसको समग्र प्रभाव विश्लेषण गरी अघि बढ्‌ने विषय ।
- सहकारी संघ संस्थाहरुले प्रयोग गरिरहेका सफ्टवेयरहरुलाई एकरुपता एवं स्तरीकरण गरी कोपोमिससँग इन्टरलिंक गर्ने विषय ।
- प्रणालीवाटै आफै अनुगमन गर्ने पद्‌दधतीको विकास गर्नुपर्ने अवस्थामा जानुपर्ने विषय ।

# कोपोमिस कार्यान्वयनको प्रस्तावित कार्यहरु

# सुधारका लागि तत्काल प्रस्तावित कार्यहरु

- देशभरीका सवै स्थानिय तहलाई प्रणाली प्रयोगका लागी सहजीकरण गर्ने र सहकारी संघ/सस्थालाई User Id र Password वितरण गर्ने । Regular FollowUp.
- प्रणालीको नियमित सूधार र स्तरोन्नती गर्दै सहकारी संस्थाहरुलाई नियमित रिपोर्टीङ गर्न प्रणालीलोई सहज बनाउने ।
- अध्यावधीक सूचना तथा तथ्यांक समयमै प्राप्त गर्ने व्यवस्था मिलाउने । (Effective Training, Data Camping)
- स्वचालीत रुपमा आवश्यक रिपोर्टहरु हेर्ने र प्रयोग अनुकुल बनाई निति, योजना र कार्यक्रमको आधारको रुपमा प्रयोग गर्ने प्रणालीको विकास गर्ने ।
- आफ्नो दैनिकी कारोबार प्रविष्टी गर्न सहकारी संस्थाले प्रयोगमा ल्याएको/ल्याउने Operating सिष्टम (एपलिकेशन सफ्टवेर) लाई एकरुपता कायम गर्नका लागी एकरुपता हुने गरी (Software Guideline) मापदण्ड तोक्ने ।

# अन्तिम गन्तव्यः

- सहकारी संस्थाका सद्स्यहरुको कारोबार लगायतका विविध विवरणलाई नियमनकारी एवं अधिकार प्राप्त निकाय वा संयन्त्रले प्रणालीबाट आवश्यकता अनुरुप (Real Time) प्राप्त गर्ने ।
- देशैभरीका सहकारीहरुको Real Time Monitoring गर्न सक्ने गरी नितिगत र प्राविधिक रुपमा कोपोमीस लाई विकास गर्ने ।
- संविधान तथा देशको आवधिक योजनाले अपेक्षा गरे अनुरुप अर्थतन्त्रको एक महत्वपूर्ण खम्वाको रुपमा स्विकारीएको सहकारी क्षेत्रलाई मर्यादित तथा व्यवसायिक बनाउने ।
- सहकारी क्षेत्रका विकृतिहरुलाई प्रणालीवाटै नियन्त्रण गरि स्वचालित बनाउने ।
- सहकारी सुशासनलाई कार्यव्यवहारमा उतार्ने ।